पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुविधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ १६ गते मंगलबार ❑ 29 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेशमा वन्यजन्तुबाट क्षतिको रकम १ करोड १० लाख वितरण

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ

गण्डकी प्रदेशको वन तथा वातावरण मन्त्रालयले प्रदेशमा वन्यजन्तुबाट क्षतिको रकम १ करोड १० लाख रुपैया वितरण गरेको छ।

प्रदेशका वन तथा वातावरण मन्त्री भेष बहादुर पौडेलले पदवहाली गरेको एक सय दिन पुगेको अवसरमा मंगलबार पोखरामा आयोजित एक सय दिनको कार्य प्रगतीको सार्वजनिक गर्दै उक्त अवधिमा प्रदेशमा वन्यजन्तुबाट भएको क्षतिको सो रकम वितरण गरिएको बताउनु भएको हो । जस अर्न्तगत दुई जना व्यक्तिको बन्यजन्तुबाट मृत्यु भएका कारण मृतक परिवारलाई १०/१० लाख, ४ जना व्यक्तिहरु घाइते भएकोल जनही २/२ लाखको दरमा सहित अन्य बन्यजन्तु तथा ज्यून सङ्ख्यामा कृषि मा क्षति भएकोले उक्त रकम वितरण गरिएको मन्त्री पौडेलले जनाउनुभयो। पशुधन तर्फ करिब ३ सयको सङ्ख्यामा रहेको मन्त्रालयले जनाएको छ।



गण्डकी प्रदेशमा आर्थिक बर्ष २०८०/०८१ र आर्थिक बर्ष २०८१/०८२ को राहत रकम निकासा मध्य सबै भन्दा धेरै गोर्खामा रहेको छ भने हिमालपारीका दुई जिल्ला मनाङ र मुस्ताङमा सायद क्षति नभएका कारण क्षतिको रकम विनियोजन भएको छैन्। त्यसै गरी विनियोजन भएको रकम मध्य सबै भन्दा कम बागलुङमा १.८२ प्रतिशतले अर्थात १८ हजार २ सय रुपैया रहेको छ। सबै भन्दा धेरै गोर्खामा ३३.९ प्रतिशतले अर्थात ३३ लाख ९० हजार ५ सय रुपैया वन्यजन्तुबाट क्षतिको रकम मन्त्रालयले विनियोजन गरेको छ। त्यस्तै अन्य जिल्लाहरु मध्य तनहुँबाट १७.६५ अर्थात १७ लाख ६५ लाख २ सय ३९ रुपैया, म्याग्दीमा २.८६ प्रतिशत अर्थात २ लाख ८६ हजार, स्याङजामा ७.५१ प्रतिशत अर्थात ७ लाख ५१ ह्जार, लमजुङमा १०.२२ प्रतिशत अर्थात १० लाख २२ हजार ६ सय, पर्वतमा १४.८७ प्रतिशत अर्थात १४ लाख ८७ हजार ५ सय, नवलपुरमा १४.६४ प्रतिशत अर्थात १४ लाख ६४ हजार ५ सय ३६ रुपैया र कास्कीबाट ६.६७ प्रतिशत अर्थात ६ लाख ६७ हजार रुपैया वन्यजन्तुबाट क्षतिको रकम मन्त्रालयले विनियोजन गरेको थियो।

त्यसै गरी मन्त्रालयले गण्डकी प्रदेशको राष्ट्रिय तथा नीजि वनबाट चालु आर्थिक बर्षमा ३ लाख ४७ हजार ५ सय ६६ म्यू.फिट काठ र ३ सय ४७.८१ चट्ट दाउरा उत्पादन गर्न सफल भएको छ। विभिन्न सामुदायिक वनबाट ५७ हजार ९१ क्यू.फिट काठ र ४९ चट्टा दाउरा विक्रि वितरण भएको मन्त्रालयले जनाएको छ । वन पैदावरको विक्रि, जडीवुटि संकलन र अन्य आम्दानीबाट चालु आर्थिक बर्षको करिब ६ महिनामा ६ करोड ९९ लाख ९१ ह्जार ४ सय ७९ रुपैया राजश्व संकलन गर्न सफल भएको मन्त्री पौडेलले दाबी गर्नु भयो। अघिल्लो बर्षको पहिलो ६ महिनामा १ करोड ७५ लाख ५० हजार ५० रुपैया मात्र राजश्व मात्र संकलन भएको सचिव जीवनाथ पौडेलले बताउनु भयो । उक्त अवसरमा वन्यजन्तु कार्य तर्फ १ सय २४ वटा, २५ वटा मृत गरी जम्मा १ सय ४९ वन्यजन्तुको उद्धार गरिएको सचिवले जनाउनु भयो । जलाधार संरक्षण, व्यबस्थापन, खोला किनारा संरक्षण, पानीको मुहान संरक्षण, कुलो सिंचाई संरक्षण, खेतियोग्य जमिन संरक्षण, क्षतिग्रस्त भूमि पुनर्स्थापना तथा हरियाली प्रबर्द्धन भई सोबाट करिब १० हजार भन्दा बढी घर धुरी लाभान्वित भएको मन्त्रालयले दाबी गरेको छ । मन्त्रालयले पहिलो ६ महिनामा विक्तिय तर्फ २७.३६ र भौतिक तर्फ ४० प्रतिशत प्रगती गरेको बताउदै मन्त्री पौडेलले यस बर्ष शतप्रतिशत भौतिक प्रगती गर्न जनाउनु भयो। सर्वसाधारण जनताको घरकाज, जनसहभागिताद्धारा सञ्चालन गरिने साना तिना विकास निर्माण कार्य, दैवी प्रकोप र कृषि औजारका लागि आवश्यक पर्ने काठ दाउरा जिल्ला वन पैदावार आपूर्ति समिति मार्फत् उपलब्ध गराउने कार्यलाई व्यवस्थित, पारदर्शी, सरल एवं छिटोछरितो तुल्याउने नवलपुर जिल्लाको काठ दाउरा आपूर्ति समितिको आव २०८१।८२ को बार्षिक कार्ययोजना स्वीकृत गरिएको छ।

विगतमा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१ अनुसार तयार भएका सामुदायिक वन र साझेदारी वनहरुका वन कार्ययोजना बमोजिम काम गरीरहेका बनहरु उक्त कार्यविधि खारेज भएबाट बन पैदावार संकलन गर्न नपाउदा उपभोक्ताको माग सम्बोधन गर्न कठिन हुनुका साथै वन क्षेत्रबाट प्राप्त हुने राजश्व संकलनमा समेत प्रतिकुल असर पर्ने हुँदा प्रचलित कानुन बमोजिम गर्ने गरी बलापडा रुख संकलन गर्न नीतिगत निर्णय भएको मन्त्री पौडेलले जनाउनु भयो । कसैले झाडी र तिते पातीको मन्त्रालयको आरोप लगाय पनि आफुहरुले मन्त्रालय भित्र सम्भावनाको खोजि गरी उत्कृष्ट कार्यसम्पादन तर्फ ध्यान केन्द्रित भएको मन्त्रीको भनाई थियो।

## पर्यटकीय सम्भावनाको उपयोगमा जोड

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ

गण्डकी प्रदेश धेरै पर्यटकीय सम्भावना बोकेको प्रदेश भएकाले यहाँका पर्यटकीय सम्भावनालाई अन्तर्राष्ट्रिय पर्यटन बजारसम्म पुर्‍याउनुपर्नेमा जोड दिइएको छ।

परराष्ट्र मन्त्रालयद्वारा सोमबार पोखरामा आयोजित प्रदेशस्तरीय आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रमका सहभागीले प्रदेशका पर्यटकीय सम्भावनाको उपयोग गर्दै अन्तर ाष्ट्रिय बजारसम्म पुर्‍याउनुपर्नेमा जोड दिएका हुन्।

गण्डकी धेरै पर्यटकीय सम्भावना बोकेको प्रदेश भएको बताउँदै कार्यक्रमका सहभागीले यहाँका पर्यटकीय सम्भावनालाई अन्तर्राष्ट्रिय पर्यटन बजारमा पुर्‍याउँदै रोजगारीका आवसर सृजना गरी स्थानीयको आर्थिकस्तर वृद्धि गर्नेतर्फ तीनै तहका सरकारले सक्रियता बढाउनुपर्ने बताएका हुन्।

कार्यक्रममा गण्डकी प्रदेशका प्रमुख सचिव रघुराम विष्टले सकारात्मक सोचका साथ हाम्रा पर्यटकीय सम्भावनाहरूको उपयोग हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । सम्बन्धित निकायका सबैले आ-आफ् नातर्फबाट तथ्याङ्क राख्ने प्रणाली विकास गरेमा त्यसका देखिएको समस्या निराकरण हुँदै जाने उहाँले विश्वास व्यक्त गर्नुभयो । पराष्ट्र मन्त्रालयका सहसचिव लक्ष्मण खनालले पर्यटनका क्षेत्रमा रहेका सम्भावनालाई सबैको साथ र सहयोगमा उजागर गर्न सकिने धारणा राख्नुभयो । मन्त्रालयले पर्यटनको अन्तर्राष्ट्रिय बजारीकरणका लागि विभिन्न कार्यक्रमलाई पनि अघि बढाइरहेको बताउँदै आवश्यकताअनुसार यस क्षेत्रको विकासका लागि सहजीकरण गर्ने उल्लेख गर्नुभयो। प्रदेशका पर्यटन सचिव कुमानसिंह गुरुङले पर्यटन प्रवर्द्धन गरी रोजगारीका अवसर सृजना गर्न पर्यटन सम्बद्ध सङ्घसंस्थासँग सहकार्य गर्दै अघि बढिरहेको जानकारी दिनुभयो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका निमित्त कार्यलय प्रमुख नवीन पोखेलले फ्रान्सेली नागरिक मौरिस हर्जोगको टोलीले पहिलोपटक अन्नपूर्ण प्रथमको आरोहण गरी पर्वतीय पर्यटनको सुरुआत यही प्रदेशबाट गरेको बताउनुभयो । उहाँले सोक्षेत्रको पर्यटन प्रवर्द्धन गर्न योजनाबद्ध रूपमा काम भइरहेको जानकारी दिनुभयो। टिसर्ट लगाएर हिमाल हेर्न सकिने गन्तव्यका रूपमा गण्डकी प्रदेशले विशिष्टता बोकेको बताउँदै पोखेलले कालीगण्डकीदेखि दामोदरकुण्ड, ढोरपाटनजस्ता पर्यटकीयस्थल यही क्षेत्रमा रहेको उल्लेख गर्नुभयो । यकीन तथ्याङ्कको अभाव, पूर्वाधार अभावलगायत समस्याको समाधानका लागि सम्बद्ध सबै पक्षले पहल गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले विविधतायुक्त पर्यटकीय विविधतालाई उपयोग गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका सल्लाहकार लक्ष्मीप्रसाद त्रिपाठीले यकीन तथ्याङ्कको अभाव कायम रहेको बताउँदै खुला सिमानालगायत कारण पनि समस्या आएको उल्लेख गर्नुभयो । कृषकको उत्पादनको मूल्य निर्धारणसँगै उत्पादित वस्तुको सहज बजारीकरणमा सरकारले जोड दिनुपर्ने उहाँको भनाइ छ । उहाँले दक्ष जनशक्तिको स्वदेशमा नै उपयोगसँगै व्यवसायमा लगाइने कर एकद्वार प्रणालीमार्फत लिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

ट्रेकिङ एजेन्सिज एशोसिएसन नेपाल(टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले पर्यटन क्षेत्रको समग्र विकास एवं प्रवर्द्धनमा विदेशस्थित कूटनीतिक नियोगहरूको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो।

अग्रज पर्यटन व्यवसायी विश्वशङ्कर पालिखे, पोखरा पर्यटन परिषद्का महासचिव जीवनराज सापकोटा, पर्यटन विज्ञ वासु त्रिपाठी, दीपेन्द्र पहारी, पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठ, लेखनाथ उद्योग वाणिज्य सङ्घका महासचिव जानुका पराजुली, होटल एशोसिएसन पोखराका अध्यक्ष लक्ष्मण सुवेदीलगायत वक्ताले आ-आफ्नो धारणा राख्नुभएको थियो।


## सरकारी कामकाजको भाषासम्बन्धी विधेयकमाथि सुझाव लिइँदै

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ

गण्डकी प्रदेशभित्र मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषा बनाउन बनेको विधेयकको प्रारम्भिक मस्यौदामाथि सुझाव सङ् कलनको काम भइरहेको छ।

ग ण ड क ी प्रदेशसभाको आगामी हिउँदे अधिवेशनमा पेस गर्ने तयार ीसहित प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले जिल्लास्तरमा सुझाव सङ्कलनको काम गरेको हो। मन्त्रालयका सचिव नवराज ढकालले स्याङ्जा, तनहुँ, लमजुङ, बागलुङलगायतका ठाउँमा पुगेर सरोकार भएका पक्षबाट विधेयकबारे सुझाव लिइसकिएको जानकारी दिनुभयो । मंगलबार बागलुङमा आयोजित कार्यक्रममा बागलुङ, म्याग्दी, पर्वत र मुस्ताङका जनप्रतिनिधि, गुरुङ र मगर समुदायसँग सम्बन्धित सङ्घसंस्था र अगुवा व्यक्तिबाट सुझाव सङ्कलन गरिएको उहाँले बताउनुभयो । "विधेयकको प्रारम्भिक मस्यौदामाथि सुझाव लिने काम भइरहेको छ, विधेयकमा थप गर्नुपर्ने विषय र परिमार्जन गर्नुपर्ने विषयमा प्राप्त सुझाव विधेयक निर्माणमा समेटिन्छन्", सचिव ढकालले भन्नुभयो। विषय विज्ञहरूसहित सम्बद्ध पक्षको सहयोग र सुझावका आधारमा विधेयकलाई पूर्णता दिइने उहाँको भनाइ छ। भाषा आयोगको सिफारिसका आधारमा मन्त्रालयले मगर र गुरुङ भाषालाई प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई अगाडि बढाएको हो। गण्डकी प्रदेशभित्र बहुसङ्ख्यक नागरिकले बोल्ने मगर भाषा र गुरुङ भाषाको संरक्षण तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन उक्त विधेयक ल्याउन लागिएको सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले बताउनुभयो। संविधानले दिएको अधिकार प्रयोग गरेर प्रदेश सरकारले मगर र गुरुङ भाषालाई प्रदेश सरकारी कामकाजको भाषाका रुपमा मान्यता दिन लागिएको उहाँको भनाइ छ। मन्त्रालयका अनुसार गण्डकी प्रदेशमा रहेको झण्डै २४ लाख जनसङ्ख्यामध्ये १८ दशमलव ७९ प्रतिशतले मगर र ११ दशमलव ३० प्रतिशतले गुरुङ भाषा बोल्छन्। उक्त विधेयकको प्रारम्भिक मस्यौदामा देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अतिरक्त मगर र गुरुङ भाषाको लागि प्रयोग लिपिलाईसमेत सरकारी कामकाजको भाषाका रुपमा प्रयोग गर्नुपर्ने उल्लेख छ।

सबै सरकारी काम कारबाही र कार्यालयमा रहने सार्वजनिक दस्तावेज मगर र गुरुङ भाषामा अनुवाद गरी अभिलेखीकरण गर्नुपर्ने विषय विधेयकले समेटेको छ। सरकारी कामकाजको भाषा प्रयोगलाई मानकीकरण, आधुनिकीकरण, व्यवस्थित र सेवाग्राहीमैत्री बनाउ आवश्यक उपकरण, भाषा अनुवादसम्बन्धी प्रविधि र यन्त्रको आवश्यक व्यवस्था प्रदेश सरकारले गर्नुपर्ने विधेयकमा उल्लेख छ। सरकारी कामकाजका भाषाको संरक्षण र सम्वर्द्धनका लागि प्रदेश सरकारले कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्ने विधेयकमा उल्लेख छ।




## पोखरामा प्रभातफेरी तथा स्वास्थ्य परीक्षण गरी प्रेस सेन्टरको स्थापना दिवस मनाईयो

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ

प्रेस सेन्टर नेपाल कास्की शाखाले पोखरामा प्रभातफेरी तथा स्वास्थ्य परिक्षण गरी स्थापना दिवस मनाएको छ।

पोखराको मानव अधिकार चोक बाट सुरु भएको प्रभातफेरी (र्‍याली) पोखरा सभागृहमा पुगेर समापन भएको थियो। उक्त कार्यक्रममा बोल्दै नेकपा माओबादी केन्द्र गण्डकी प्रदेशका अध्यक्ष गायत्री गुरुङले विगतको ईतिहासलाई स्मरण गर्दै २१ बर्ष अघि गठन भएको प्रेस सेन्टरले अब समाजबादी यात्रामा शसक्त रुपमा कलम चलाउन आग्रह गर्नु भयो । स्वास्थ्य परिक्षणको समेत उद्घाटन गर्दै उहाँले जनताको पक्ष र आवाज विहिनहरुको आवाज बुलन्द पार्न पत्रकारहरुलाई सुझाव दिनुभयो।

प्रेस सेन्टरका केन्द्रिय सचिव माधव पनेरू, फ्याक्सन ईन्चार्ज एवं माओवादी केन्द्र कास्की संयोजक विश्वप्रकास

बाँकी अन्तिम पृष्ठमा ▶▶

# पोखरामा अन्तर्राष्ट्रिय भेट्रान्स ‘एट ए साइड फुटबल

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ

‘स्वास्थ्यको लागि एक घण्टा व्यायाम, नागरिकहरुका लागि नौलो आयाम’ भन्ने नारासहित बगर भाइखलकको आयोजनामा १४ औं अन्तर्राष्ट्रिय भेट्रान्स एट ए साइड फुटबल प्रतियोगिता सुरु भएको छ।

पोखरामहानगरपालिका १ बगरस्थित पुरानो टुंडिखेलमा मंगलबारदेखि १४ औं अन्तर ाष्ट्रिय भेट्रान्स एट ए साइड फुटबल प्रतियोगिता सुरु भएको हो । उद्घाटन खेलमा संगम भेट्रान्स विजयी बन्यो । लेकसाइडलाई १-० गोल अन्तरले पराजित गर्दै संगम दोस्रो चरणमा प्रवेश गर्यो। संगमको जीतमा दिलिप कुमार गुरुङले निर्णायक गोल गरे । उनै दिलिप म्यान अफ द म्याच घोषित भए। यस्तै अर्को खेलमा आयोजक भाइखलकले विष्णु पादुका हेमजालाई ३-० गोल अन्तरले हरायो । भाइखलकको जीतमा नरेश केसी र शशी राईले समान १/१ गोलको योगादन दिए



भने, १ गोल हेमजाका गोलरक्षक राजु श्रेष्ठले आत्मघाती गोल गरेका थिए। उक्त खेलबाट बगर भाइखलकका नरेश केसी म्यान अफ द म्याच बने । बुधबार पनि पहिलो चरणकै खेलहरु हुने भाइखलका अध्यक्ष इश्वरमान गुरुङले जानकारी दिए । उनका अनुसार प्रतियोगिताको तिन वटा विधामा (४० वर्ष उमेर पूरा भएको विधामा १९ टिम, ५० वर्ष उमेर समूहतर्फ १४ टिम र ६० वर्ष उमेर पूरा भएका ६ समूह) कुल ३९ टिमको सहभागिता रहेको छ। यसअघि उक्त प्रतियोगिताको उद्घाटन पश्चिम पृतना हेडक्वाटरका पृतनापति उपरथी मधुकर सिंह कार्कीले गरे । सो अवसरमा बोल्दै उनले खेलकुदले सबै उमेर समूहलाई एउटै सुत्रमा बाँध्ने धारणा राखे। उनले खेलकुदको माध्यमबाट चौतर्फी विकास हुने बताउदै बगर भाइखलको प्रतियोगिताले आगामी वर्षहरुमा पनि निरन्तरता पाउने विश्वास व्यक्त गरेका थिए। बगर भाइखलकका महासचिव मनकाजी गुरुङले ४० वर्ष उमेर समूहतर्फको विजेताले २ लाख उपविजेताले १ लाख नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने बताए । सो उमेर समूहको विधागततर्फ सर्वोकृष्ट खेलाडीलाई नगद १५ हजार, उत्कष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, फवार्ड र प्रशिक्षकले नगद ५ र ५ हजार पुरस्कार प्राप्त गर्नेछन्। यस्तै ५० वर्ष उमेर समूहतर्फको विजेताले १ लाख र उपविजेताले ५० हजार नगदसहित ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै ६० वर्ष उमेर समूहतर्फको विजेताले ५० हजार र उपविजेताले ३० हजार नगदसहित ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

१३ औं संस्करणको प्रतियोगितामा ४० वर्ष उमेरसमूहतर्फ जोरपाटी भेट्रान्स काठमाडौं, ५० वर्ष उमेर समुहतर्फ संगम भेट्रान्स पोखरा र ६० वर्ष उमेर समूहतर्फ बगर भाइ खलकले उपाधि जितेको थियो । प्रतियोगितामा भारतको देहरादुन, काठमाडौं, ललितपुर, चितवन, सिरहा, हेटौंडा, सर्लाही, बुटवल,सिमरा,कैलाली, झापा, बिर्तामोड र पोखराका स्थानीय टिमको सहभागिता रहेको छ।

# अली मियाँ स्मृति चौँथो खुल्ला सेभेन ए साइड फुटबल जारी

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ

लोक कवि अली मियाँ स्मृति चौँथो खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता मंगलबार ६ खेल भएका छन्।

पोखरा-१३ मा रहेको माछापोखरी फुटबल मैदानमा भएका खेलमा रामघाट एफसी, न्युरोड एघार, पोखरा जब्स, सिभिक कन्स्ट्रक्सन, ए सेभेन ब्रोदर्स, ८२९ फ्याम्ली र स्लाइट एफसी (बी) दोस्रो चरणमा प्रवेश गरेका छन्।

रामघाटले लिभिक एफसी (बी)लाई १-० गोल अन्तरले पराजित गर्दा स्नीकम भल्टलाई न्युरोड एघारले १-३ गोल अन्तरले पराजित गर्यो। पोखरा जब्सले एम-१३ लाई ३-२ को कठिन जित निकाल्दा स्याङ्जा एफसीलाई पराजित गर्दै सिभिक कन्स्ट्रक्सनले ३-० को सहज जित निकाल्यो । ए-७



ब्रोदर्शलाई १-४ को फराकिलो गोलअन्तरले पराजित गदै गन्नी एफसी दोस्रो चरणमा प्रवेस गरेको छ । यस्तै इलाइट एफसीलाई १-३ को गोल अन्तरमा पराजित गदै एनके एफसी (ए)ले खेल जितेको छ। विमल एफसी खेलमा सहभागि नहुदाँ ८२९ फ्याम्ली स्वत दोस्रो चरणको लागि छनोट भएको छ । प्रतियोगिता अन्तरगत बुधबार दोस्रो चरणका खेल हुने आयोजक समितिका शम्सुल हकले जानकारी दिए । प्रतियोगितामा प्रथम हुने टिमले १ लाख ४० हजार र द्धितीय हुने टिमले ८५ हजार पुरस्कार पाउने छन् । यस्तै विधागत तर्फ वेष्ट फरवाड, मिड-फिल्डर, डिफेन्सर, गोलकिपर र हाइस्केररलाई नगद ५/५ हजारले पुरस्कार पाउने छन्। नेपाल मुस्लिम युवा समिति पोखरा-१३ को आयोजनामा भएको प्रतियोगिता यही माघ २० गतेसम्म चल्ने छ।

# रोटरी मिडटाउन र लेखनाथको संयुक्त आयोजनामा छात्रवृत्ति

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ

रोटरी क्लव पोखरा मिडटाउनको वार्षिक खाँचोमा परेका विद्थार्यीको लागि छात्रवृत्ति वितरण गरेको छ । रोटरी मडिटाउन र रोटरी क्लव लेखनाथको संयुक्त आयोजनामा छात्रवृत्ति गरिएको हो।

पोखरा महानगरपालिका वडा नं १४ स्थित शुक्रराज वलभद्र मा वि मा अध्ययनरत कक्षा ११ का की रश्मी परियार, करुना सुनार र कक्षा १२ मा अध्यनरत सुजता सुनार र कविता लामालाई मंगलवार छात्रवृत्ति वितरण गरियो हो। विद्यालयमा अध्यनरत चार जना छात्राहरु वार्षिक रुपमा विद्यालयमा तिर्नुपर्ने सुल्क प्रति विद्यार्थी रु २८ हजार विद्यालयका सहायक प्राचार्य दिलिप पनेरुलाई रोटरी मिडटाउन अध्यक्ष सुर्यनारायण वरालले प्रदान गरेका हुन्।

सो छात्रवृत्ति रकम रोटरी क्लव अफ पोखरा मिडटाउनका सदस्यहरुवाट स्वत स्फुर्त संकलन गरिको हो । रोटरी मिडटाउन र



लेखनाथको संयुक्त आयोजनामा विद्यालयमा अध्ययनरत एकसय विद्यार्थीलाई न्यानो कपडा स्विटर वितरण गरिएको मिडटाउन क्लवका सचिव जिवन भण्डारीले पोखरापत्रलाई वताए। सो स्विटर रोटरी क्लव विराटनगरले सौजन्य गरेका र रोटरी क्लव पोखराले समन्वय गरेको थियो । रोटरी क्लव लेखनाथका अध्यक्ष रामकृष्ण खनालले कार्यक्रमको वारेमा प्रकाश पारेका थिए।

विकास अधिकारीले रोटरी क्लवले गर्ने कार्यक्रमको वारेमा जानकारी गराए। पोखरा महानगरपालिका वडा नं १४ का वडा अध्यक्ष वोधवहादुर कार्कीले रोटरी क्लवले लामो समयदेखि विभिन्न क्षेत्रमा समाजिक कार्यगर्दै आएको र आगामी दिनमा पनि यस किसिमका र जन स्वास्थ्थको क्षेत्रमा क्लवसँग सहकार्य गर्न रुची रहेको बताए। क्लवका अध्यक्ष सुर्यनारायण वरालले क्लवका गतिविधिमा जोडिनुहुने संपुर्ण माहानुभावहरु लाई धन्यवाद सहित आगामि दिनमा रोटरी परिवार आवश्यकता अनुसारका सेवा मा समर्पित हुने प्रतिवद्धता व्यक्त गरे ।रोटरी लेखनाथका सचिव दिपेन्द्र भण्डारी, पूर्व अध्यक्ष ए जि विश्व कर्मचार्य, मिडटाउनका पुर्व अध्यक्ष जय मोहन भट्टराईँ सन्तोश पोखेल लगायतको उपस्थिति रहेको थियो। रोटरी मिडटाउनका सचिव जिवन भण्डारीले संचालन गरेको कार्यक्रममा र विकस अधिकारिले वोल्नु भएको थियो।

# पोखरामा ...

लामिछाने, प्रेस सेन्टर गण्डकीका उपाध्यक्ष घनश्याम पाण्डे, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल, प्रेस सेन्टर कास्कीका अध्यक्ष दीननाथ बराल लगायतले श्रमजीवी पत्रकारहरुको हकहितको लागि सबै पत्रकारका संघ संगठनहरु एक हुनु पर्नेमा जोड दिनु भयो । प्रभातफेरी पश्चात सभा गृहमा प्रगतीशिल जनस्वास्थ्यकर्मी महासंघ कास्कीको आयोजनामा सुगर, प्रेसर र सामान्य स्वास्थ्य परिक्षण गरिएको महासंघ कास्कीका अध्यक्ष बिष्णुराज घिमिरले बताउनु भयो। घिमिरे सहितको टीमले ५३ जनाको स्वास्थ्य परिक्षण गरेको प्रेस सेन्टर कास्कीका सचिब सरोज अधिकारिले जानकारी दिनुभयो।

कार्यक्रममा प्रेस युनियन गण्डकी प्रदेशका अध्यक्ष टंकराज अधिकारी, महासचिब प्रकाश ढकाल, समाजबादी प्रेस संगठनका नेता गोविन्द सुवेदी, फोनिज कास्कीका अध्यक्ष विनु थापा, अग्रज पत्रकार सहित विभिन्न संघ संगठनका व्यत्तिहरूको सहभागिता रहेको थियो । प्रेस सेन्टर कास्कीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहभागि सबै संघ संगठनका व्यत्ति तथा सहभागि सन्चारकर्मी एवं स्वास्थकर्मीलाई प्रेस सेन्टर पोखरा महानगरपालिकाका अध्यक्ष हुम गुरुङले धन्यवाद दिनुभएको थियो।

# तेस्रो हिसान गण्डकी फुटसल प्रतियोगिता कास्की छनौटको टाइसिट सार्वजनीक

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ

उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा हुने तेस्रो प्रदेशस्तरीय हिसान प्लस टु फुटसल प्रतियोगिताको कास्की छनौट खेलको खेलतालिका सार्वजनीक भएको छ।

बुधबार देखी हुने प्रतियोगिताको उद्घाटन खेलमा मदरल्याण्ड मावि र सृजना मावि खेल्ने भएका छन् । ३१ विद्यालय सहभागीता जनाएको प्रतियोगिताबाट गण्डकी प्रदेशका लागि १० टिम छनौट हुने छन्। गण्डकी प्रदेशका लागि कास्की छनौट प्रतियोगिता माघ १९ गते सम्म सञ्चालन हुने छ । प्रतियोगितामा कास्कीबाट १०, नवलपुरबाट २, स्याङजाबाट १, पर्वत, बाग्लुङ र म्याग्दीबाट १, तनहुँ, लम्जुङ र गोरखाबाट १ गरी १६ टिमले प्रदेश स्तरीय प्रतियोगिता खेल्ने हिसान गण्डकीका अध्यक्ष डा. राम्जी शर्माले जानकारी दिए । प्रतियोगितामा हिसानमा आवद्ध विद्यालयहरुलाई सहभागीता रहेको र खेल जित्नुमात्रै नभएर फुटबल विकासका लागि प्रतियोगिता गरेको आयोजना गरेको प्रतियोगिता संयोजक पुरन कुबँरले बताए। हिसान गण्डकीको सदस्य विद्यालय बिच हुने प्रतियोगितामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाउन पाउने छन् । प्रतियोगिताको व्यवस्थापन सबिन मेमोरीयल फुटबल क्वलले गर्दै आएको छ। प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने हिसान कास्कीका अध्यक्ष दिवाकर जैसिले जानकारी दिए। उनले कास्की छनौट पोखरा ४ गैरापाटनमा रहेको वि- फिट फुटसलमा हुने बताए। त्यसै गरी प्रदेश स्तरीय प्रतियोगिता भने पोखरा रंगशालामा रहेको मल्टिपल हलमा हुने उनको भनाई छ। उनले कास्की छनौटमा पहिलो र दोस्रो हुने टिमले पनि कप र मेडल प्राप्त गर्ने छन् । सविन मेमोरियल क्बल राष्ट्रिय फुटसल लिगको ए डिबिजन क्लब हो। हिसान फुटसल प्रतियोगिताले नयाँ खेलाडी उत्पादन गर्न प्रतियोगिता गरिएको सविन मेमोरियल क्लबका अध्यक्ष सञ्जय लिगले बताए। टाइसिटमा ड्र मा क्लबका सल्लाकार सन्तोष पराजुली, सचिब प्रकाश पराजुली, हिसान गण्डकीका अध्यक्ष डा. रामजी शर्मा, कास्की अध्यक्ष दिवाकर जैसि, संयोजक पुरन कुबँर लगायतले ड्र गरेका थिए। प्रतियोगितालाई युआरएल पोखराले मुख्य प्रायोजन गरेको छ।


## Embassy of India
## Kathmandu (Nepal)

## Vacancy Announcement


1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the following post for ECHS Polyclinic Pokhara:-

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1. | Driver | ECHS Polyclinic Pokhara |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indemb-kathmandu.gov.in
3. Applications to be submitted at the following address till 09 Feb 2025.

**Pokhara**
**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Tele No. : 061-430232**










फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# शहिदप्रतिको उच्च सम्मान

जहानीया निरंकुश शासनको अन्त्य गर्दै जनतालाई रैतीबाट स्वाभिमानी नागरिक बनाउन आफ्नो प्राण आहुती दिने शहिदहरुलाई संझदा शिर निहुरिन्छ। नेपालमा भएका आन्दोलनमा धेरै पटक जनताले साथ दिएका छन।आन्दोलनमा आफ्नो सुन्दर जीवनको प्रवाह प्राण उत्सर्ग गर्ने शहिदप्रति सबैको श्रद्धा हुने गर्दछ । हुकुमी राणा शासनको विरुद्धमा काम गरेको र जनतालाई प्रजातन्त्रका लागि उक्साएको आरोपमा १९९७ साल माघ १५ गते दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई विष्णुमती नदी किनार शोभा भगवती क्षेत्रमा मृत्युदण्ड दिइएको थियो। ज्यानको माया गरेर कायल हुनुभन्दा प्रजातन्त्रका लागि गोली खान तयार भएका उनीहरुलाई पहिले घुँडाभन्दा तल गोली हानिएको थियो । त्यति गर्दा पनि कायल नभएपछि ज्यान जाने गरी गोली ठोकिएको थियो । यश अघि माघ १० गते शुक्रराज शास्त्रीलाई टेकु पचलीमा तथा १३ गते धर्मभक्त माथेमालाई सिफलमा मृत्युदण्ड दिइएको थियो । जहानीया निरंकुश राणा शासनको विरुद्ध वलिवेदीमा चढ्ने वीर शहिदलाई संझने गरिएको छ । सरकारले सहिद दिवस विशेष कार्यक्रम गर्ने भएको छ । सहिद गेटमा शहिदहरुप्रति माल्यार्पण र सहिद स्तम्भमा गएर श्रद्धाञ्जली दिने भएको छ । सहिद दिवसमा समारोह गर्ने मन्त्रिपरिषद्ले निर्णय गरिसकेको छ। उनीहरूको जीवन गाथालाई संझेमा शहिदको योगदान ताजा बनाउँछ । जस्ले लोकतन्त्र, राजनीतिक स्वतन्त्रता र नागरिक अधिकारका लागि ज्यानको आहुती दिए उनीहरूलाई सहिद घोषणा गरिएको थियो । शहिदलाई सम्मान गर्ने सबैको साझा बनाउन सकेमा शहिद प्रतिको सच्चा श्रद्धाञ्जली हनेछ । आफ्नो देश संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रताको प्राप्तिका निम्ति बलिदान भएर लोक हितमा व्यक्ति अमर हुन्छ । उनीहरुको सम्झनामा शिर निहुराउने अवस्था हरेक वर्ष आउने गर्छ । उनीहरुले पछ्याएको बाटोमा लाग्ने प्रण पनि गर्ने दिन सहिद दिवस हो ।

देश र जनताको हक अधिकार प्राप्तिका लागि आफ्नो जीवन बलिदान दिने सहिदको सम्झनामा सहिद सप्ताह मनाउने गरिएको छ । वि.स. २०१२ देखि माघ १६ गते शहीद दिवस मनाउने थालिएको हो । वि.स. ११९७ मा शुक्रराज शास्त्री माघ १० गते काठमाडौं पचलीमा मृत्यु दण्ड दिइएको थियो । त्यस्तैगरी धर्मभक्त माथेमालाई सिफलमा माघ १३ गते र गंगालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभा भगवतीमा तत्कालीन राणा शासकले मृत्यु दण्ड दिएका थिए । तीनै सहिदले जनताको अधिकार प्राप्ति र राष्ट्रिय स्वाभिमानका लागि प्राणको आहुती दिएको हुँदा सहिदको संझना सहिद दिवस मनाउने गरिएको हो । सरकारले माघ १६ गते सहिद दिवस मानेर सार्वजनिक विदा दिएको छापहिला काटिएको विदा फेरि दिएर सरकारले गल्ती सच्याएको छ । नेपालमा प्रजातन्त्र पुनस्थापनाको लागि भएको आन्दोलनमा धेरैले ज्यान गुमाएका छन् । राणा कांग्रेसको सरकार बनेपनि चिनिया काजीले ज्यान गुमाउनु पर्‍यो । पंचायतीकालरात्रीको बेला धेरैले ज्यान गुमाए २०४६ को प्रजातन्त्र पुनस्थापनाको आन्दोलनमा शाहदत प्राप्त गर्ने १९ जनालाई सहिद घोषणा गरियो । प्रजातन्त्र पुनस्थापना पछि पनि जनताले अधिकार प्राप्तिका लागि आन्दोलन जारी राखे । त्यसबेला पनि शाहदत प्राप्त गर्नेहरुलाई राजनीतिक पार्टीले सहीद मान्न थालेका थिए ।

राजनैतिक दलले संचालन गरेको आन्दोलन, माओवादीले २०५२ साल फागुन १ गतेदेखि थालेको जनयुद्ध, २०६२/०६३ को आन्दोलन, त्यसपछिका मधेश आन्दोलनमा राज्यबाट मारिएकालाई सहिद घोषणा गर्ने क्रम जारी रहेको छ। थारु आन्दोलन आदीवासी जनजाती आन्दोलनमा शाहदत प्राप्त गरेकालाई सहिद घोषणा गरिएको छ । दोश्रो जनआन्दोलन पछिका सरकारले विभिन्न दलले संचालन गरेका आन्दोलनमा मृत्यु भएकालाई सहिद घोषणा गर्ने र १० लाख रुपैया दिने गरिएको छ । विगतको सरकारले शसस्त्र द्वन्द्वमा मारिएका नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानमा कार्यरत समेतलाई सहीद घोषणा गरिएको छ । नेपालमा अझै कति सहीद थपिने हुन टुङ्गो छैन ।प्रधानमन्त्री पुष्प कमल दाहालले तीन हजारलाई सहिद घोषणा गर्न निर्णय भएको जानकारी गराएका छन । सरकारले गोली ठोक्ने दस लाख दिने र सहिद घोषणा गर्ने संझौता गर्दै आएको छायो कहाँ पुगेर अन्त्य हुन्छ भन्न सक्ने अवस्था छैन ।

यसरी घोषणा गर्दै जादाँ सहीदको अपमान गर्ने काम मात्र भएको छ । कस्तालाई सहिद मान्ने भन्ने मापदण्ड पनि सरकार पिच्छे फरक फरक बनाउने गरिएको छ । सहीदलाई सस्तो बनाउने र १० लाख रुपैयामा तुलना गर्ने गरिएको छ । देश र जनताका लागि आफ्नो प्राण त्याग गर्ने सहिदलाई राज्यले घोषणा नगरे पनि नेपाली जनताले सम्झने र श्रद्धा गर्ने गरेका थिए । विभिन्न कालखण्डका सरकारले हचुवाको भरमा र सडक आन्दोलन गरेको भरमा सहिदको संख्या बढाउने गरेको छ । राज्य कोषबाट १० लाख लिनकै लागि सहिद घोषणा गरेर सहिदको अवमुल्यन गर्ने गरिएको छ । सारा देशले सहीद प्रति श्रद्धा गर्ने र उनीहरुले आन्दोलनमा पुऱ्याएको योगदानको कदर गर्न सकेमा मात्र सहीद दिवस मनाएको सार्थकता हुनेछ । शहिदको गाथा गाएर नथाक्ने तर शहिदले देखाएको आदर्श विर्सनेहरु शासन सत्तामा रहनेहरुकै कारण जनतामा शासकहरुप्रति विरोध आक्रोश छाराजनितिक परिवर्तन सिमित व्यक्ति र तिनका आफन्तका लागि मात्रै भएको छायुवा देखि प्रौढ समेत विदेश पलायन हुने क्रम रोकिएको छैन । देशका लागि यो सबैभन्दा घातक हो । सहीदप्रतिको सम्मान गर्न आन्दोलन र आन्दोलनका योद्धाहरुलाई विर्सन मिल्दैन । जसले ज्यान दिए, अंग भंग भए, सन्तान गुमाए, टुहुरा भए तिनका बारेमा पनि राज्यले सोच्नुपर्दछ । सहीद, सहीद परिवार र घाइते तथा अपाङ्ग राजनीतिक मुद्धा बनाउनु हुदैन । सहीद, योद्धा, घाइते, अपाङ्ग र सहीद परिवारलाई सम्मान गरे मात्र सहीदहरुप्रति सच्चा सम्मान हुनेछ ।

# सुन्तला बेचेर २० लाख आम्दानी

**पोखरापत्र संवाददाता**
बेनी, १५ माघ



बेनी नगरपालिका-३ मरेकका किसान पदमबहादुर खत्रीले सुन्तलाखेतीबाट यस वर्ष रु २० लाख आम्दानी गर्नुभएको छ । भारतीय गोर्खा सैनिकबाट सेवानिवृत्त भएर २१ वर्षअघि सुन्तलाखेती सुरु गरेका खत्रीका बगैँचाका तीन सय बोटले उत्पादन दिन्छन् । हुर्किरहेका थप पाँच सय बोटले केही वर्षपछि उत्पादन दिनेछन् ।

"गत वर्ष रु १३ लाखको सुन्तला बिक्री भएको थियो", उहाँले भन्नुभयो, "यसपालि उत्पादन बढेकाले रु २० लाखको सुन्तला बिक्री भएको हो ।" पोखराका व्यापारीलाई बगैचाबाट प्रतिकिलो रु ७५ का दरले सुन्तला बिक्री गरेको खत्रीले बताउनुभयो । खत्री जिल्लामा सुन्तलाखेतीबाट धेरै आम्दानी गर्नेमध्ये एक हुनुहुन्छ । खत्रीसहित मरेकका किसानले यस वर्ष सुन्तला बिक्री गरेर रु एक करोड ५० लाख आम्दानी गरेका छन् । मरेकका रहेको २१ मध्ये २० घरपरिवारले सुन्तलाखेती गरेका छन् । प्रतिघर न्युनतम रु एक लाखसम्मको सुन्तला बेचेका छन् । "गत वर्ष रु ८० लाखको सुन्तला बिक्री भएको मरेकमा यसपालि उत्पादन दोब्बरले बढेको थियो", उहाँले भन्नुभयो, "फल लाग्ने बिरुवा थपिएका, क्षेत्रफल विस्तार, दाना झर्ने समस्या कम भएको, बगैँचा व्यवस्थापन र अनुकूल मौसमका कारण सुन्तला उत्पादन बढेको हो ।" माघको पहिलो साता सुन्तला टिपेर निख्रिएपछि किसान बगैँचा व्यवस्थापनमा जुटेका छन् । उत्तरपूर्व फर्किएको भिरालो पाखामा रहेको मरेकका बासिन्दा दुई दशकअघिसम्म परम्परागत खाद्यबाली खेती गर्दथे । वर्षभरि दुःख गरेर उब्जाएको खाद्यबालीले छ महिना पनि पुग्दैनथ्यो । रोजगारी नहुनेहरू काम र आम्दानीका लागि विदेश र सहरबजार जाने चलन थियो । अहिले मरेकको पाखा सुन्तला बगैँचाले भरिएको छ। वर्षमा १८ मुरी धान फलाउने इन्द्रबहादुर थापाले १४ रोपनीमा गरेको सुन्तल खेतीबाट वार्षिक रु १० लाखसम्म आम्दानी हुने बताउनुभयो । तीन वर्ष कतारमा काम गरेर फर्किएका मरेकका ४९ वर्षीय कृष्णबहादुर घर्तीले यसपालि सुन्तला बेचेर रु छ लाख आम्दानी गर्नुभयो ।

"सुन्तलाखेती गरेपछि घरव्यवहार चलाउन विदेश जानुपरेको छैन", उहाँले भन्नुभयो, "जीवनस्तरमा परिवर्तन ल्याएको छ ।" अन्य ठाउँको तुलनामा रसिलो र स्वादिलो भएकाले मरेकका सुन्तला बजारमा सहजै बिक्री हुने व्यापारी राजन तामाङले बताउनुभयो । पोखरा, काठमाडौँ, हेटौँडाको बजारमा यहाँको सुन्तला खपत हुने गरेको उहाँले बताउनुभयो । कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र बेनी नगरपालिकाको कृषि शाखाले मरेकमा सुन्तलाखेतीको विस्तारमा सहयोग गर्दै आएका छन् ।

अनुदानमा नयाँ बिरुवा वितरण, बगैँचा व्यवस्थापन, साना सिँचाइ कार्यक्रममार्फत किसानलाई सहयोग गरिँदै आएको कृषि ज्ञान केन्द्रका प्रमुख सञ्जीव बास्तोलाले बताउनुभयो । बेनी नगरपालिका-३ का वडाध्यक्ष पदम पुनले साविक भकिम्ली गाविसको मरेक, राखु, हल्लेगौडा र पानीस्वाँरालाई सुन्तलाको पकेट क्षेत्रका रूपमा विकास गरिएको बताउनुभयो । सुन्तला बजारीकरणका लागि सडक स्तरोन्नति गरेर यातायातलाई सहज बनाउने, सिँचाइ र प्रविधि सहयोगका लागि सङ्घीय तथा प्रदेश सरकारका निकायमा समन्वय तथा पहल गरेको बताउनुभयो ।

# 'व्यक्ति स्वस्थ भए मात्रै देश विकास सम्भव छ'

**पोखरापत्र संवाददाता**
दमौली, १५ माघ

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले व्यक्ति स्वस्थ भएमात्रै देश विकास सम्भव रहेको बताउनुभएको छ ।

तनहुँको शुक्लागण्डकी नगरपालिका-४ दुलेगौँडास्थित पञ्चमुनीदेव माध्यमिक विद्यालयको मंगलबार आयोजित ५५औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै मन्त्री पौडेलले देशका नागरिक स्वस्थ भएमात्रै देशले प्रगति गर्न सक्ने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "एकदमै धनी मानिस बिरामी छ,भने उसले सुखी जीवन बिताउन सक्दैन । विद्वान मानिस स्वस्थ छैन भने उसले देशका लागि केही गर्न सक्दैन ।" स्वस्थ मानिस मात्रै सुखी हुने बताउँदै मन्त्री पौडेलले व्यक्ति स्वस्थ हुनका लागि आहारव्यहारमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "एउटा व्यक्तिको स्वास्थ्यमा पर्यावरणले कति असर गरेको हुन्छ भन्ने हाम्रो देशले थाहा पाउनसकेको अवस्था छैन । स्वस्थ नागरिक बनाउनका लागि धेरै पक्षमा ध्यान दिन जरूरी छ ।" मन्त्री पौडेलले व्यक्ति स्वस्थ हुन सचेतना समेत जरुरी भएको बताउनुभयो । उहाँले भन्नुभयो, "कोही पनि मानिसलाई रोगी हुने रहर हुँदैन, नजानेर व्यक्ति रोगी हुन्छ । त्यसैले सबै मान्छेलाई स्वस्थ कसरी बनाउन सकिन्छ भनेर चेतना विस्तार गर्न जरूरी छ ।" मन्त्री पौडेलले विद्यालयस्तरदेखि नै स्वास्थ्य विषय अनिवार्य पढाउनुपर्ने बताउँदै त्यसका लागि शिक्षा मन्त्रालयसँग समन्वय गरिएको जानकारी दिनुभयो । मन्त्री पौडेलले नेपालका १६ लाख किशोरीलाई पाठेघरको रोगविरूद्ध एचपिभी खोप अभियान सुरू गर्न लागिएको उल्लेख गर्नुभयो । स्वास्थ्य क्षेत्रलाई आम नागरिकको पहुँचसम्म लैजान वर्तमान सरकार प्रतिबद्ध रहेको मन्त्री पौडेलको भनाइ थियो । मन्त्री पौडेलले विश्वमाझ प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्न सक्ने शिक्षा आजको आवश्यकता रहेको चर्चा गर्नुभयो ।

# त्रिभुवन पौडेलको स्मृतिमा त्रिभुवन स्मृति कप हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ माघ

पोखरा महानगरपालिका वडा न. २२ को ठुलिबिडीमा प्रथम त्रिभुवन स्मृति कप फाइभ ए साइड फुटबल प्रतियोगिता हुने भएको छ ।

२०७९ माघ १ गते पोखरामा भएको यती एअरलाइन्सको जहाज दुर्घटनामा परि दिवङ्गत हुनुभएका नेपाल पत्रकार महासंघ का केन्द्रीय सदस्य, पत्रकार महासंघ गण्डकी प्रदेशका सस्थापक अध्यक्ष तथा परिवर्तन युवा क्लबका सल्लाहकार स्वर्गीय त्रिभुवन पौडेलको स्मृतिमा उक्त प्रतियोगिता आउँदो फागुन १६ गते देखि आयोजना गर्ने भएको क्लवले जनाएको छ । उक्त प्रतियागिता ठुलिबिडीको सिम्लेपाखा खेलमैदानमा आगामी फागुन १६ देखि १८ गते सम्म सन्चालन हुने तयारी गरिएको आयोजक कमिटिका संयोजक सुदिप बरालले बताउनु भयो । परिवर्तन युवा क्लबको आयोजना तथा पोखरा हटलाइन राष्ट्रिय दैनिकको सह–आयोजनामा हुने प्रतियोगिताको विजेताले ५५ हजार ५ सय ५५ रुपैया, उपविजेताले २५ हजार ५ सय ५५ नगद सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने भएको छ । त्यस्तै विद्यागत तर्फ उत्कृष्ट खेलाडी, गोलकर्ता र उत्कृष्ट गोल रक्षकलाई समेत पुरस्कार प्रदान गरिने भएको छ । सहभागी हुने टोलिले फागुन १४ गतेसम्म टिम दर्ता गर्न सक्ने छन भने टिम दर्ता शुल्क नगद ५ हजार रहेको क्लवले जनाएको छ । उक्त क्लवले हरेक बर्ष उक्त प्रतियोगितालाई निरन्तरता दिने भएको संयोजक बरालले जनाउनु भयो ।

# एक करोड २८ लाखमा सभागृह निर्माण हुँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ माघ

बागलुङको ढोरपाटन नगरपालिका-१ बुर्तिबाङ भव्रेटामा सिटी हल निर्माण गर्न थालिएको छ । नयाँ सहर आयोजना कार्यालय बुर्तिबाङले रु एक करोड २८ लाख लागतमा सिटी हल निर्माण गर्न थालेको हो । सरकारले नेपालका दश नमूना सहरमध्येमा छनोट गरेको बुर्तिबाङ बजारमा अहिलेसम्म सिटी हल बन्न सकेको थिएन ।
नयाँ सहर आयोजनाले गत वर्षदेखि भव्रेटामा हल बनाउन थालेको हो । निर्माण कम्पानीले ढिलासुस्ती गर्दा कामले गति लिन नसकेको नयाँ सहर आयोजना बुर्तिबाङका प्रमुख रामकृष्ण गिरीले जानकारी दिनुभयो । विसं २०८० फागुन १ गते सम्झौता गरी काम सुरु गरे पनि हालसम्म ३५ प्रतिशत मात्रै काम सकिएको उहाँको भनाइ छ । निर्माणको जिम्मा पाएको ढोरपाटन निर्माण सेवाले यही माघ ३० गते सम्पन्न गर्ने गरी सम्झौता गरेको प्रमुख गिरी बताउनुहुन्छ । सम्झौता अवधिमै काम सक्ने सम्भावना कम रहेको भन्दै निर्माण कम्पनीलाई काम गर्न आग्रह गरिरहेको उहाँको भनाइ छ । प्रमुख गिरीले भन्नुभयो, "सिटी हल बनाउन सुरु गरेको गत वर्षदेखि नै हो, यति बेला बनिसक्नुपर्ने हो तर निर्माण कम्पनीको ढिलासुस्तीका कारण कामले पूर्णता पाउन सकेको छैन, काम समयमै सक्नका लागि निर्माण कम्पनीलाई बारम्बार पत्र काट्यौँ, तर सुनुवाइ भएन, अहिले काममा फर्किने सङ्केत देखाएको छ, धमाधम गऱ्यो भने केही महिनामा काम सकिने अपेक्षा लिएका छौँ ।"

बुर्तिबाङ बजार साँघुरो हुँदा सिटी हलसहित पार्क, कार्यालय भवन अन्य ठाउँमा बनाउनुपरेको छ । नयाँ सहर आयोजनाले ढोरपाटन-१ र २ का विभिन्न स्थानमा संरचना बनाउँदै आएको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# लमजुङमा ट्र्याक्टर दुर्घटना हुँदा एकको मृत्यु

**पोखरापत्र संवाददाता**
लमजुङ, १५ माघ

लमजुङमा ट्र्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार मंगलबार दोर्दी गाउँपालिका-५, पाचोक क्षेत्रस्थित कैँची जङ्गलको कच्ची सडकमा ट्र्याक्टर दुघर्टना हुँदा तनहुँको भानु नगरपालिका-९, बाइसजाँगरका अन्दाजी २७ वर्षीय किरण गुरुङको घटनास्थलमै मृत्यु भएको हो ।

कैँचीडाँडाबाट काठदाउरा लिन चाँदीडाँडा जाँदै गरेको ग१त ५२७६ नंको ट्र्याक्टर दुघर्टना हुँदा गुरुङको मृत्यु भएको प्रहरी नायब उपरीक्षक निशान्त श्रीवास्तवले जानकारी दिनुभयो ।

उहाँले दुर्घटनास्थल जङ्गल रहेको र त्यहाँ वरिपरि कोही नभएकाले मृतक चालक हुन् वा अन्य भनेर यकिन भइनसकेको बताउनुभयो । दुर्घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**प्रादेशिक स्वास्थ्य निर्देशनालय**
**मातृशिशु मितेरी प्रादेशिक अस्पताल**
**पोखरा, कास्की**

## पदपूर्ति सम्बन्धी सूचना ।

सूचना प्रकाशित मितिः–२०८१।१०।१६

मातृशिशु मितेरी अस्पतालमा उल्लेखित पदमा सेवा करारमा कर्मचारी पदपूर्ति गर्न आवश्यक परेको हुदाँ योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन कार्यालय समयभित्र आफुले हासिल गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरु, व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्र, नेपाल मेडिकल काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि लगायत आवश्यक अन्य कागजपत्रहरु साथै तोकिएको दस्तुर तिरेको नगदी रसिद संलग्न राखी फाराम भरी दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. पद : बालरोग विशेषज्ञ (नवौं तह, कार्यक्रम करार)
पद सख्या : १ (एक)
योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भई म्याद कायम भएको हुनपर्ने ।
अनुभव : अनुभवीलाई विशेष ग्रह्यता हुनेछ ।
मासिक तलब : गण्डकी प्रदेश सरकारले तोकेको नवौं तहको शुरु स्केल बरावर मासिक पारिश्रमिक हुनेछ ।

छनौटको किसिम : अन्तवार्ता
दरखास्त दस्तुर : रु १०००।– (एक हजार) मात्र ।
दरखास्त दिने अन्तिम मिति : २०८१।१०।३० गतेसम्म
अन्तरवार्ताको मिति : २०८१।११।०१ गते बिहान ११:०० बजेदेखि
(सो दिन सार्वजनिक विदा भएको खण्डमा भोलिपल्ट हुनेछ)

अस्पताल प्रमुख

# सुन्तलाखेतीमा जलवायु परिवर्तनको प्रभाव

**मिला दरै**
तनहुँ, १५ माघ/रासस



म्याग्दे गाउँपालिका-३ गुञ्जार उमाचोक, देवघाट गाउँपालिका-२ र ३ नम्बर वडा सुन्तलाखेतीको पकेट क्षेत्रका रूपमा मानिन्छन् । गुञ्जार उमाचोकमा केही वर्षअघि सुन्तला उत्पादन प्रशस्त हुनेमा पछिल्लो समय उत्पादनमा कमी आएको गुञ्जारका सुन्तला किसान निरे विकले बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "दुई/तीन वर्षअघिसम्म यहाँ प्रशस्त सुन्तला उत्पादन हुन्थ्यो, आम्दानी पनि मनग्ये हुन्थ्यो । अहिले के भयोभयो, फल नै लाग्दैन, सुन्तलाको बोटमा विभिन्न रोग देखापर्ने समस्या आएको छ ।" आम्दानीको स्रोत यही भएका हामीजस्ता किसान मारमा परेका उहाँले उल्लेख गर्नुभयो ।

"पहिले समयमा आकाशे पानी पर्थ्यो, अहिले सुन्तलाले फूल खेल्ने बेलासम्म पनि पानी पर्दैन", विकले भन्नुभयो, "करिब एक सय ५० सुन्तलाको बोटमा रोग देखिएको छ, फल पनि लाग्दैन, के भएको हो ? कृषि ज्ञान केन्द्रका प्राविधिकसँग सोधपुछ गरिरहेका छौं ।" यसको समाधान केही नभएको प्राविधिकबाट जवाफ पाएको उहाँले जानकारी दिनुभयो । विगतमा एउटा बोटको सुन्तला एक क्रेट हुने भए पनि अहिले एक किलो पुग्नसमेत मुस्किल हुने गरेको विकको अनुभव छ। अघिल्लो वर्षसम्म पनि प्रशस्त उत्पादन लिएको सम्झँदै उहाँले वर्ष फल कम लागेका उत्पादन घट्दै गएको बताउनुभयो । गत वर्ष रु दुई लाख ५० हजार आम्दानी गरेका सुनाउँदै उहाँले यस वर्ष आधा पनि नहुने उल्लेख गर्नुभयो । किसान रामबहादुर अधिकारीले भन्नुभयो, "सुन्तलाले फूल खेल्ने बेलामा पानी पर्न छोडेको छ, अचेल मौसम फेरिएको जस्तो पो लाग्छ, पानीको अभावले सुन्तला उत्पादनमा कमी आउन थालेको छ ।" फूल खेल्ने बेलामा पानी नपरेर फल लाग्नै नसकेको भन्दै सिँचाइका लागि पानी नहुँदा उत्पादनमा कमी आएको उहाँको बुझाइ छ।

"यहाँ सिँचाइका लागि पानीको मुहान पर्याप्त छैनन्, एकमात्र कुवाको पानी गाउँलेले पिउनुपर्ने र वस्तुभाउलाई खुलाउनुपर्ने बाध्यता छ", अधिकारीले भन्नुभयो, "त्यही मुहानबाहेक अरु छैन, सिँचाइका लागि पानी अभाव छ ।" आकाशे पानीको भरपर्नुपर्ने भए पनि आजकाल पानी पर्ने समय फेरिएको उहाँले बताउनुभयो ।

सुन्तला उत्पादन वृद्धि गर्न फूल खेल्ने बेलामा कृत्रिम परागसेचन गराउन प्रविधि प्रयोग गर्न सकिने कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ । सुन्तलाको परागसेचनका लागि प्राकृतिक भए उत्कृष्ट भन्दै नेपालमा कृत्रिम परागसेचन गर्ने प्रविधि प्रयोगमा नआएको केन्द्रका सूचना अधिकारी किरण परियारले बताउनुभयो । उहाँले भन्नुभयो, "प्राकृतिक रूपमा हुने उत्पादन जैविक र सेवनका लागि उपयुक्त मानिन्छ । कृषिप्रधान देशमा यस्ता कृत्रिम प्रविधि कम प्रयोग हुन्छन्, वा प्रयोग नै हुँदैनन् । प्रकृतिमा परिवर्तन आउँदा किसान मारमा परेका छन् ।" विकसित मुलुकमाभन्दा विकासिल मुलुकमा बढी जलवायु परिवर्तनको प्रभाव परिरहेको सूचना अधिकारी परियारले बताउनुभयो । उहाँले भन्नुभयो, "किसानले जलवायु परिवर्तनको प्रभावका कारण यस्ता परिवर्तन भइरहेका भन्ने थाहा पाएका छैनन् । प्रत्यक्ष रूपमा खेतीबालीमा जलवायु परिवर्तनको प्रभाव परिरहेको छ।" सुन्तलामा समस्या आएको किसानबाट गुनासो आउने गरेका भन्दै जलवायु परिवर्तनको प्रभाव भन्ने किसानले नबुझेकाले बुझाउन समस्या हुने गरेको उहाँले बताउनुभयो ।

सुन्तलामा विभिन्न सङ्क्रमणका कारण लाग्ने रोग र उपचार केन्द्रसँग नभएको परियारले बताउनुभयो। सामान्य रूपमा सङ्क्रमण न्यूनीकरणका उपाय अनाउने र किसानलाई सिकाउने गरिएको, सिँचाइलाई बढी प्राथमिकता दिन सुझाव दिने गरिएको केन्द्रले जनाएको छ । जिल्लास्थित कृषि ज्ञान केन्द्रका प्रमुख गोपाल शर्मा लामिछानेले विगतमा छदेखि आठ सय मिटरसम्मको उचाइ सुन्तला उत्पादन राम्रो हुने गरेको बताउनुभयो । "अहिले बिस्तारै तापक्रम बढ्दै गएको छ, नौ सय मिटरभन्दा तलका क्षेत्रमा सुन्तला उत्पादन कम भएका छन्", उहाँले भन्नुभयो, "सुन्तला उत्पादनका लागि मौसम चिसो आवश्यक पर्दछ । पहिला उपयुक्त मौसम थियो, अहिले यहाँको तापक्रम बढ्दो छ, जसले उत्पादन कम हुँदै गएको छ। कतिपय ठाउँमा उत्पादन हुनै छाडेका छन् ।" नौ सय मिटर उचाइभन्दा माथिका स्थानमा सुन्तला उत्पादन राम्रो भएको पाइएको प्रमुख लामिछानेले जानकारी दिनुभयो। गुञ्जारका सुन्तलाखेती सातदेखि आठ मिटर उचाइमा गरिएका छन्, ती क्षेत्रभन्दा माथिल्लो क्षेत्र उमाचोकमा करिब नौ सय मिटर उचाइमा रहेकाले यहाँ प्रशस्त उत्पादन हुने उहाँको भनाइ छ।

उहाँका अनुसार जिल्लाका सुन्तला पकेट क्षेत्रमध्ये नौ सय मिटर उचाइ माथिका म्याग्दे गाउँपालिका-२ उमाचोक, देवघाट गाउँपालिका-२, ३ नम्बर वडामा सुन्तलाखेती प्रशस्त भइरहेको छ । त्यस्तै ऋषिङ गाउँपालिका, घिरिङ, भिमाद नगरपालिका, शुक्लागण्डकी नगरपालिका, व्यास नगरपालिका क्षेत्रक सुन्तला उत्पादनका लागि उपयुक्त मानिएको उहाँले उल्लेख गर्नुभयो। केन्द्रका प्रमुख लामिछानेका अनुसार देवघाट क्षेत्रमा बढी उचाइमा उत्पादन हुने भएकाले यस क्षेत्रका सुन्ताला स्वादिला र रसिला रहेका कृषि ज्ञान केन्द्रको अध्ययनले देखाएको छ।

# आँधीखोला पुल : सात वर्षमा तेस्रोपटक म्याद थप गर्दा पनि सम्पन्न भएन

**पोखरापत्र संवाददाता**
वालिङ, १५ माघ

भीरकोट नगरपालिका-४ र ५ लाई जोड्ने आँधीखोलामा निर्माणाधीन पुल झण्डै सात वर्ष हुनै लाग्दा निर्माण सम्पन्न हुनसकेको छैन ।

भीरकोट-४ को छाङछाङ्दी र ५ को छत्तिवनलाई जोड्नेगरी आँधीखोलामा निर्माणाधीन पुलको तेस्रोपटक थपिएको समयावधि सकिए पनि पुल सम्पन्न हुनसकेको छैन । विसं २०७५ असार २६ गते सम्झौता भई निर्माण सुरु भएको उक्त पुल २०७८ वैशाख ३० गते निर्माण सक्नुपर्ने भए पनि हालसम्म निर्माण सम्पन्न नभएको सडक डिभिजन कार्यालय पोखराका इञ्जिनियर दीपक विष्टले बताउनुभयो ।

उहाँका अनुसार सम्झौता भएको मितिले झण्डै तीन वर्षमा निर्माण सक्नुपर्ने उक्त पुल सात वर्ष पुग्न लाग्दा पनि निर्माण सकिएको छैन । तोकिएको समयमा पुल निर्माण नसकिएपछि तेस्रोपटक २०८१ मङ्सिरमा सक्नेगरी थपिएको समय पनि सकिएको छ । पटकपटक गरी तेस्रोपटक थपिएको समयावधि मङ्सिरमा सकियो, थप गरिएको समय सकियो तर पुल निर्माण सकिएन ।निर्माण कम्पनीले भ्याटसहित रु १४ करोड २६ लाख ३७ हजार चार सय २० लागतमा निर्माण सक्नेगरी सम्झौता भएको थियो। एक सय २५ मिटर लम्बाइको पुल तीन स्पानको हुने इञ्जिनियर विष्टले बताउनुभयो । चालिस-चालिस मिटरको तीन स्पानमध्ये दुई किनाराका दुईवटा स्पान निर्माण सकिएको र बीचको एउटा स्पान र त्यहाँसम्म पुग्ने दुवैतर्फको पहुँचमार्ग निर्माणको काम बाँकी छ । पुलसम्म पुग्ने पहुँचमार्ग निर्माणका लागि पुलसँगै पर्खाल लगाउने काम अहिले भइरहेको छ । पुल दुवैतर्फ किनारामा फुटपाथसहित ११ मिटर चौडाइको हुने छ। निर्माण व्यवसायी चन्द्र थकालीले उक्त पुलको झण्डै ८० प्रतिशत काम सम्पन्न भएको दाबी गर्नुभयो। उहाँले पुलको धेरै काम सकिएको र अब दुई महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी कामदार परिचालन गरिएको बताउनुभयो। "पुलको दुवैतर्फको स्पान निर्माण भइसकेकाले अहिले बीचको एउटा स्पान निर्माणका लागि फिलिङको काम भइरहेको छ", उहाँले भन्नुभयो, "काम सक्ने लक्ष्यसहित कामदार लगाएका छौं, दुई महिनाभित्र निर्माण सम्पन्न गर्ने तयारीसहित अगाडि बढेका छौं ।"

पुल निर्माणसँगै खोलाको दायाँबायाँ निर्माण गर्नुपर्ने पर्खाल निर्माण नगर्दा पनि वर्षाको समयमा आँधीखोलाले किनाराका खेतीयोग्य जमिन कटान गरेर बगरमा परिणत गराएको छ। बर्खामा यस ठाउँमा खोलाले डुबानमा पार्ने गरेको छ । हिउँदमा बाँसको फड्के बनाएर वा खोला तरेर वारपार गर्ने स्थानीय बर्खायाममा घुमाउरो बाटो हुँदै झोलुङ्गे पुलबाट वारपार गर्नुपर्छ।

# गोरखकाली रनिङकप फुटबल प्रतियोगिता फागुन ७ देखि

**पोखरापत्र संवाददाता**
गोरखा, १५ माघ

जिल्लाको सबैभन्दा ठूलो पुरस्कार राशि रहेको गोरखाकाली रनिङकप फुटबल प्रतियोगिताको नवौं संस्करण आगामी फागुन ७ गतेबाट सुरु हुने भएको छ।

हरमटारी युवा क्लबको आयोजनामा फागुन ७ देखि १४ गतेसम्म प्रतियोगिता आयोजना गर्न लागिएको क्लबका महासचिव किरण ढकालले जानकारी दिनुभयो । 'गोर्खाली रनिङकप गोर्खालीको शान, समग्र जिल्लाकै खेलकुद विकास गराउने हरमटारी क्लबको अभियान' भन्ने नाराका साथ सदरमुकामस्थित हरमटारी रङ्गशाला खेलकुद मैदानमा हुने सञ्चालन हुने उहाँको भनाइ छ।

विसं २०७० देखि क्लबले जिल्लामै सर्वाधिक पुरस्कार राशिको फुटबल प्रतियोगिताको आयोजना गर्दै आएको छ । प्रतियोगितामा उपाधि विजेताले रु चार लाख तथा उपविजेताले रु चार लाखसहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने महासचिव ढकालले जानकारी दिनुभयो।

प्रतियोगिता अवधिभरमा सर्वोत्कृष्ट खेलाडीलाई रु २५ हजार, उत्कृष्ट गोलरक्षकलाई रु १५ हजार, उत्कृष्ट गोलकर्ता खेलाडीलाई रु १५ हजार पुस्कार प्राप्त गर्ने छभने प्रतियोगिताको सबैभन्दा अनुशासित टिमलाई रु ३५ हजार, उदयमान खेलाडीलाई रु १० हजार पुरस्कार प्रदान गरिनेछ । जिल्लाभित्र फुटबल खेलको विकास र नयाँ खेलाडी उत्पादन गर्ने लक्ष्यसहित क्लबले हरेक वर्ष प्रतियोगिताको आयोजना गर्दै आएको छ । प्रतियोगितामा १६ टिमको सहभागिता रहने आयोजकले अनुमान गरेको छ।

# मनाङका एक सय बाह्र किशोरीलाई एचभिपी खोप

**पोखरापत्र संवाददाता**
मनाङ, १५ माघ

देशैभरका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध खोप दिने तयारी तीव्र भइरहेको छ।

हिमाली जिल्ला मनाङका कक्षा १ देखि १० सम्मका अध्ययनरत एक सय ६ किशोरीलाई एचभिपी खोप लगाइने भएको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक राजेन्द्र श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यालय नजाने १० देखि १४ वर्ष उमेर समूहका छ किशोरीलाई एचभिपी खोप दिइनेछ।उहाँलेभन्नुभयो,"जिल्लाका किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचभिपी खोप दिइनेछ, खोपकर्तालाई विभिन्न तालिम, अभिमुखीकरणसहित तयारी गरिरहेका छौं ।" मनाङमा यही माघ १८ गतेदेखि स्वास्थ्यकर्मी तथा खोपकर्ताका लागि तालिम, अभिमुखीकरण गरिने श्रेष्ठले बताउनुभयो। कक्षा ६ देखि १० कक्षासम्म अध्ययनरत (विद्यालय जाने) र १० देखि १४ वर्षसम्मका (विद्यालय नजाने) छात्राहरूलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियान सञ्चालन गर्न लागिएको उहाँले बताउनुभयो ।

चार खोप केन्द्रमार्फत किशोरीलाई एचभिपी खोप लगाइने स्वास्थ्य कार्यालयले जनाएको छ।

नासों गाउँपालिका-५ स्थित प्रकाशज्योति माध्यमिक विद्यालय, चामे गाउँपालिका-१ स्थित गौरीशङ्कर माध्यमिक विद्यालय, चामे गाउँपालिका-४ स्थित लोकप्रिय माध्यमिक विद्यालय र मनाङ डिस्याङ गाउँपालिका-६ स्थित अन्नपूर्ण माध्यमिक विद्यालयमा खोप केन्द्र तोकिएको कार्यालयले जनाएको छ। विद्यालय नजाने किशोरीलाई स्वास्थ्य कार्यालय वा तोकिएका खोप केन्द्रमार्फत खोप लगाइनेछ।

# बेनीका किसानलाई उत्पादनमा आधारित अनुदान

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ माघ

जिल्लाको बेनी नगरपालिकाले पशुपालक किसानलाई उत्पादनमा आधारित अनुदान दिन थालेको छ । सुरुमा अनुदान दिँदा कृषकहरू व्यावसायिक बन्न नसकेपछि उत्पादन गरेपछि प्रोत्साहन पाउने नीति लिएको हो।

गत आर्थिक वर्षदेखि सुरु भएको यो कार्यक्रमलाई नगरपालिकाले चालु आवमा पनि निरन्तरता दिएको छ। कृषकहरूलाई मासु र दूधमा आत्मनिर्भर बनाउन सञ्चालित उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई चालु आवमा पनि निरन्तरता दिइएको नगरप्रमुख सुरत केसीले बताउनुभयो।

उहाँका अनुसार चालु आवमा न्यूनतम १० वटा माउ बाख्रापालक कृषकलाई प्रोत्साहनका लागि रु सात लाख ५० हजार, दूध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमका लागि रु पाँच लाख ५० हजार र पशुपंक्षी तथा माछाको बिमा प्रिमियम शुल्कमा १० प्रतिशत अनुदान दिन रु एक लाख ५० हजार विनियोजन गरेको छ।

उक्त अनुदान पाउन ३० बाख्रा र १९ वटा गाईभैंसी फार्मले आवेदन पेस गरेका बताउँदै छनोटका लागि स्थलगत रूपमा मूल्याङ्कनको क्रममा रहेको नगरको पशु सेवा शाखाका प्राविधिक प्रदिप गौतमले बताउनुभयो । उहाँका अनुसार नगरले त्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बनाएर कार्यान्वयनमा ल्याएको हो। बाख्रातर्फ १० देखि १४ को रु १२ हजार, १५ देखि १९ को रु १८ हजार, २० देखि २९ को रु ३५ हजार र ३० भन्दाबढीको रु ४० हजार अनुदान पाउने व्यवस्था मिलाइएको गौतमले जानकारी दिनुभयो । गाईभैंसीतर्फ तीनदेखि चार वटाको रु १० हजार, पाँचदेखि आठ वटाको रु २० हजार, नौदेखि १३ वटाको रु ३५ हजार र १४ भन्दाबढीको रु ४५ हजार अनुदान पाउने मापदण्ड रहेको छ। पालेका पशुको सङ्ख्या र उत्पादनको आधारमा अनुदान पाउने नगरपालिकाको नीतिले कृषकहरूलाई व्यावसायिक बन्न प्रोत्साहन मिलेको, प्रभावकारी र व्यवहारिक भएको बेनी-४ बास्कुनाका कृषक तिलक गुरुङले बताउनुभयो। सानो सङ्ख्यामा पशुपालन गर्ने कृषकलाई पनि समेट्न कार्यविधि संशोधन गर्न उहाँले सुझाव दिनुभयो।

गत वर्ष ३२ जना बाख्रापालक कृषकले रु छ लाख ४४ हजार नौ सय ८० र १८ जना दूध उत्पादक कृषकले रु पाँच लाख अनुदान पाएका थिए । पशुपालक कृषकलाई व्यावसायिक बनाउन र टिकाउन कार्यक्रमले सहयोग पुगेको बेनी नगरपालिकाका उपप्रमुख ज्योती लामिछानेले बताउनुभयो।

कृषि क्षेत्रमा आत्मनिर्भर हुन किसान केन्द्रित विविध कार्यक्रमलाई जोड दिएको बेनी नगरपालिका-४ सिङ्गामा चिस्यान गृह सञ्चालन गरिएको नगर कार्यालयले जनाएको छ। बेनी-८ कालीपुलमा कृषि उपज बजारको भवन निर्माण सुरु गरिएको छ।


## चापाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चापाकोट, स्याङ्जा
### गण्डकी प्रदेश, नेपाल

## करार सेवामा भर्ना सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१।१०।१४**

यस नगरपालिकामा रिक्त रहेका देहायका पदहरु सेवा करारमा लिनुपर्ने भएकोले चापाकोट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ र चापाकोट नगरपालिकामा करारमा कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७६ बमोजिम योग्यता पुगेका नेपाली नागरिकलाई दरखास्त आह्वान गरिन्छ। दरखास्त फाराम यस नगरपालिकाको कार्यालयबाट प्राप्त गरी निर्दिष्ट स्थानमा हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो टाँस गरि दरखास्त साथ आँफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव, सम्बन्धित स्वास्थ्य ब्यवसायी परिषद्को दर्ता प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति भरि कार्यालयमा बुझाउनुपर्नेछ ।

देहायः

| क.स | बिज्ञापन नं | पद | तह | सेवा/समूह | छनोट विधि | पद संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | ५/ ०८१/८२ | मेडिकल अधिकृत | आठौं | करार | अन्तर्वार्ता | १ | १००० |
| २ | ६/ ०८१/८२ | हेल्थ असिष्टेन्ट | पाचौं | करार | लिखित र अन्तर्वार्ता | ४ | ५०० |
| ३ | ७/ ०८१/८२ | कबिराज | पाचौं | करार | लिखित र अन्तर्वार्ता | २ | ५०० |
| ४ | ८/ ०८१/८२ | अ.न.मी. | चौथो | करार | लिखित र अन्तर्वार्ता | ३ | ५०० |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

क. शैक्षिक योग्यता

मेडिकल अधिकृत पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. उर्तीर्ण गरी मेडिकल काउन्सिलको प्रमाणपत्र प्राप्त गरेको, हेल्थ असिष्टेन्ट पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिष्टेन्ट कोर्स उर्तीर्ण गरी मेडिकल काउन्सिलको प्रमाणपत्र प्राप्त गरेको, कविराज पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कविराज कोर्स उर्तीर्ण गरी मेडिकल काउन्सिलको प्रमाणपत्र प्राप्त गरेको र अ.न.मी पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उर्तीर्ण गरी मेडिकल काउन्सिलको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको,

ग. नेपाली नागरिक,

ङ. प्रचलित कानून बमोजिम अयोग्य नभएको।

**२. दरखास्त दिने स्थानः** चापाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, स्याङ्जा।

**३. दरखास्त दिने अन्तिम मिति :** २०८१/१०/२८ गते कार्यालय समय भित्र ।

**४. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरूको प्रतिलिपीहरूः

क. नेपाली नागरिकताको प्रतिलिपी,

ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,

ङ. सम्बन्धित काउन्सिलबाट प्राप्त प्रमाणपत्रको प्रति,

च. अनुभव भए सोको कागजात,

छ. ३ प्रति पासपोर्ट साइजको फोटो,

**५. सेवा सुविधा तथा अन्यः** नेपाल सरकारको प्रचलित नियमानुसार।

**द्रस्टव्यः** थप जानकारीका लागि सम्पर्क नः ०६३४११०८०/८१ मा सम्पर्क गर्नुहोला।

**प्रमुख प्रशासकीय अधिकृत**